# शैल्यशिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोकुलेश्वर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल
☎ ०९३-४०००८६
@shailyashikhar.gov@gmail.com
Web- shailyashikhar.gov.np

प.सं.०७९/०८०/वन,वातावरण, विपद तथा फोहर मैला व्यवस्थापन उप शाखा
च.नं

मिति:२०७९/१२/२७

**सरसफाई केन्द्रमा रहेको कवाडी जन्य समान निकासि करको वोलपत्र सम्बन्धी बढाबढ सूचना !**

**प्रथम पटक प्रकाशित मिति २०७९/१२/२७**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नगर सभाबाट स्वीकृत आर्थिक ऐन २०७९ एवम मिति २०७९ १२/०२ गतेको सरसफाई समितिको बैठकको निर्णयानुसार आ.व.२०७९/०८० को लागि आन्तरिक आय संकलन ठेक्का बन्दवस्ती गर्ने प्रयोजनका लागी यो सूचना प्रकाशित गरिएको छ ।तोकिएको न्युनतम अंकमा नघट्ने गरी निम्नलिखित शर्तहरुको अधिनमा रहि ठेक्का नं. अनुसारको शिलवदी फारम खरिद गरी रित पूर्वक शिलबन्दी दरभाउ पत्र पेश गर्न १५ दिने यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.स. | ठेक्का नं. | ठेक्को नाम | आ.व.२०७९/०८० को लागि न्यूनतम अंक रु (भ्याट वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|---|
| १ | ०६/०७९/०८० | शैल्यशिखर नगरपालिका सरसफाई केन्द्रहरुको कवाडी जन्य समान निकासी | १०००००/-(एक लाख) | |

**शर्तहरु:**

१. शिलबन्दी दरभाउ पत्र यो सूचना प्रथम प्रकाशित भएको मिति २०७९/१२/२७ गते देखि १५ दिन मिति २०८०/०१/१२ गते चालु आ.व.का लागि नविकरण भएको ईजाजत पत्र ।आय कर मुअ कर दर्ता प्रमाण पत्र । कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि लिखित निवेदन साथ उल्लिखित दस्तुर (पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजशज शाखाबाट खरिद गर्न सकिने छ ।

२. शिलबन्दी १६ औ दिनको मिति २०८०/०१/१३ गतेको दिउसो १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।शिलबन्दी दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम ठेगाना ठेक्का नं. र कामको विवरण तथा शिलबन्दी वालाको नाम ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्ने छ ।शिलबन्दी खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

३. शिलबन्दी साथ आफुले कबोल गरेको अंकको ५% हुन आउने जमानत रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड गोकुलेश्वरमा रहेको हिसाब नं.२९७०१४००००००३१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ ।

४. म्याद भित्र दर्ता भएका शिलबन्दी दरभाउ पत्रहरु दर्ता भएको अन्तिम दिनको १:३० बजे पछि कार्यालयका प्रतिनिधि को रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको कार्यालयबाट बिक्रि नभएको शिलबन्दी दरभाउ पत्र फारम भरि आएको शिलबन्दी दरभाउ पत्र वालाको दस्तखत एवम छाप नभएको प्रचलित कानूनको रित नपुगेको र शर्त राखि पेश भएको

# शैल्यशिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

☎ ०९३-४०००८६

@shailyashikhar.gov@gmail.com

Web- shailyashikhar.gov.np


प.सं.०७९/०८०/वन,वातावरण, विपद तथा फोहर मैला व्यवस्थापन उप शाखा

च.नं

शिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाहि हुने छैन । दरभाउ पत्र वालाको प्रतिनिधि उस्थित नभएमा पनि शिलबन्दी दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।

५. शिलबन्दी दरभाउ पत्रमा कवोल गरेको मु.अ. कर वाहेकका रकम अंक र अक्षरमा स्पष्ट स्वरुपमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । केरमेट भएको ठाउमा अनिवार्य दस्तखत र छाप हुनुपर्ने छ ।

६. वोलपत्र स्वीकर्त भएपछि कवोल अंकको ५% ले हुन आउने रकम नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड गोकुलेश्वरमा रहेको हिसाव नं.२९७०१४००००००३१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Performance Bond) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

७. शिलबन्दी दरभाउ पत्र स्वीकृत भएको मितिले बाटो म्याद वाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नाममा रहेको हिसाव नं. २९७०१४०००००००७९ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरी ठेक्का कवोलियत गर्न आउनु पर्नेछ ।

८. विगतका वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाकि रहेका व्यक्ति वा फर्महरुले बाकि रकम चुक्ता नगरे सम्म र पेश्कि बेरुजु वाकि हुनेले फछ्र्यौट नगरे सम्म दरभाउ पत्र खरिद गर्न पाउने छैन ।

९. दर्ता भएका शिलवन्दी दरभाउ पत्रहरु स्वीकृत गर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बोजिम हुनेछ ।साथै संघिय सरकार, प्रदेश सरकार र यस नगरपालिका बाट समय समयमा गरिएको निर्देशन हरुको शिलबन्दी दरभाउ पत्र वालाले पालना गर्नु पर्ने छ ।

११. यस सम्वन्धमा अन्य थप जानकारी आवश्यक भएमा यस कार्यालयको वन,वातावरण, विपद तथा फोहरमैला व्यवस्थापन उपशाखामा सम्पर्क गर्न सकिनेछ ।

सुरेन्द्रबहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक रसिर्जनशीलप्रशासनःविकास,समृद्धि र सुशासन"

CamScanner